公益財団法人 仙台観光国際協会 国際化事業部　TEL: 022-268-6260　URL: https://int.sentia-sendai.jp/n/
Sendai Tourism, Convention and International Association (SenTIA)

【ネパール語 / नेपाली भाषा】

# 水害・土砂災害から身を守るためのアドバイス

## बाढी, पहिरोबाट आफ्नो ज्यान जोगाउनको लागि सल्लाह सुझाव

日本では、毎年、大雨や台風で 災害が起こります。
大雨が続くと、山や崖が崩れたり、川の水が増えて 溢れたりして、大きな被害に なることがあります。
命を守るためには、日ごろから 災害に備え、災害時には 適切な行動を 取ることが 大切です。

जापानमा हरेक वर्ष, भारि वर्षा तथा टाइफुनको कारणले विपद् आउने गर्छ। लगातार भारी बर्षा भएमा, पहाड भासिएर पहिरो जाने, खोलाको पानि उर्लेर आउने हुँदा, यसले उल्लेखनीय रुपमा ठुलो क्षति पुर्याउने गर्छ। ज्यान बचाउनको लागि पहिलेबाट नै प्राकृतिक विपद्को लागि तयारी गर्ने र विपद्को समयमा उचित निर्णय लिनु महत्त्वपूर्ण हुन्छ।

### 目次 / सामग्री तालिका

**P2-4 【1】日頃から災害に備えよう**
**पहिलेबाट नै प्राकृतिक विपद्को लागि तयारी गरौं**

[P2] 日本の大雨や台風について知ろう जापानको भारी वर्षा र ताईफुन बारेमा जानीराखौं
[P3] 避難所の場所を調べておこう आश्रयस्थल कुन ठाउँमा छ खोजेर राखौं
[P3] ハザードマップの確認をしよう हजार्डम्यापको बारेमा बुझिराखौं
[P4] 自分の住所を覚えておこう आफ्नो ठेगाना सम्झी राखौं

**P5-7 【2】災害の情報を入手しよう विपद् सम्वन्धि जानकारीहरु लिऔं**

[P5] 気象情報を確認しよう मौसम सम्बन्धि जानकारीहरुको बारेमा बुझ्ने गरौं
[P6] 5段階の避難情報を覚えよう ५ चरणको आश्रय लिने बारे जानकारी सम्झी राखौं
[P6] SenTIA の Facebook、X、メールマガジンに登録しよう
SenTIA को Facebook、X、मेल म्यागजिन एड गरि फलो गरौं
[P7] 仙台市災害多言語支援センターのホームページを見よう
सेन्दाई सिटी विपद् बहुभाषीय मद्दत केन्द्रको होमपेज हेरौं
[P7] 災害時に便利なアプリと WEB サイト विपद्को बेलामा उपयोगी हुने एप्स र वेबसाइट

**P8-12 【3】災害の危険がある時は、早めに行動しよう**
**विपद्को खतरा भएको समयमा,छिटोभन्दा छिटो आवश्यक कदम चालौं**

[P8] 避難する時に気をつけること आश्रय लिने बेलामा ध्यान पुर्याउनुपर्ने कुराहरु
[P9] 避難する時に、必要なもの【チェックリスト】आश्रय लिने बेलामा, आवश्यक पर्ने कुरा【चेकलिस्ट】
[P11] 水害・土砂災害のときに、よく使われる日本語
बाढी र पहिरोको विपद्को समयमा धैरै प्रयोग हुने जापानिज भाषा

# 【１】日頃から災害に備えよう

# पहिलेबाट नै प्राकृतिक विपद्को लागि तयारी गरौ



日本で、いつ、どのような 災害があるのか、知っていますか。

自宅や学校、職場等の周りにある、水害・土砂災害が 起こりやすい場所を 確認しておきましょう。

避難場所や、ハザードマップのことを 調べておくことも 大切です。

जापानमा, कहिले, कस्तो किसिमको प्राकृतिक विपद् आउँछ, तपाईलाई थाहा छ ?

घर तथा बिधालय, कलेज, कामगर्ने ठाउँ आदि वरपरमा बाढी र पहिरो आउन सक्ने सम्भावना भएको ठाउँको बारेमा जानकारी राखौं।

प्राकृतिक विपद्को लागि आश्रयस्थल, हजादम्याम (जोखिमस्थानमा बनेको संरचनाको बारे जानकारी नक्शा) आदिको जानकारी राख्नु महत्वपूर्ण हुनेछ ।

## 日本の大雨や台風について知ろう जापानको भारी वर्षा र ताईफुन बारेमा जानीराखौ

### 大雨 भारीवर्षा

急に天気が変わって、狭い範囲で 激しい雨が 降ることが あります。たくさん降って、洪水になることも あります。

雷 にも 気をつけましょう。

मौसम अचानक परिवर्तन भै, वरीपरीको सानो क्षेत्रमा ठुलो वर्षा हुन सक्छ। धेरै वर्षा भै बाढी आउन पनि सक्छ। चट्याङ बाट पनि होसियार रहौं ।

### 台風 ताईफुन

台風が上陸すると、暴風や大雨と なります。強風で 物が飛んできたり、木や電柱が 倒れることも あります。

外に出ないで、建物の中で 安全に 過ごしましょう。

ताईफुन आउने बेलामा, आँधीबेहरी तथा भारी वर्षा हुनेगर्छ। जोड संग अएको बतासका कारण चिज बीजहरु उडाएर लाने, रुख तथा बिजुलीको पोल ढाल्नेपनि हुन्छ । बाहिर कतै नगई,घरभित्रै सुरक्षित भएर बसौं ।

### 注意が必要な季節 साबधानी र आवश्यक ध्यान पुराउनु पर्ने मौसमहरु



初夏（６月－７月）：梅雨の時期、雨が よく降ります。

夏（７月－８月）：突然雨が降ったり、雷 が 鳴ることがあります。

秋（９月－１１ 月）：台風が接近・上陸したり、大雨に なることが あります。

गर्मीयामको शुरुवात (जुन–जुलाई) : वर्षाको समयमा, धेरै पानी पर्ने गर्दछ ।

गर्मीयाम (जुलाई–अगस्ट) : अचानक पानी पर्ने, चट्याङ पर्ने गर्दछ ।

शरदयाम (सेप्टेम्बर–नोभेम्बर): टाइफुन आउने तथा त्योठाउँ हुदै जाने गर्दा, ठुलो वर्षा हुने गर्दछ ।

## 避難所の場所を調べておこう

## आश्रयस्थल कुन ठाउँमा छ खोजेर राखौं




危ない場所に いる人は、避難する必要が あります。
避難するための施設や 建物を、「**避難所**」といいます。
避難所にいくと、食べ物をもらえたり、夜寝ることが できます。
災害がおきると、小学校や中学校などが、避難所に なります。
自宅や学校、職場等の近くにある避難所を 調べておきましょう。

अलि खतरा स्थानहरुमा बसोबास  गर्ने व्यक्तिहरुले, अनिवार्य आश्रय लिनु पर्दछ । आश्रय लिने स्थानलाई, “हिनानज्यो” भनिन्छ । आश्रयस्थलमा बस्न जाँदा, खाने कुरा तथा सुत्ने ठाँउ पाउन सकिन्छ । प्रथामिक  तथा माध्यमिक  बिधालयहरु  चाँही, प्रकोपहरु आइपर्दा आश्रयस्थलमा परिणत हुने गर्दछ । आफ्नो घर या काम गर्ने ठाँउ, स्कुल नजिकको आश्रयस्थल कुन ठाउँमा पर्दछ, खोजेर जानी  राखी राखौं ।

仙台市のサイトから、市内の避難所のリストを 見ることができます。

सेन्दाई सिटिको वेबसाइट बाट, सिटि भित्रको आश्रयस्थलहरुको सुची हेर्न सकिन्छ ।

>「避難所はどこ？」（日本語、英語）

>「आश्रयस्थल कहाँ पर्दछ ? 」(जापानी, अंग्रेजीभाषा)

https://www.city.sendai.jp/anzensuishin/kurashi/anzen/saigaitaisaku/hinanjo/doko.html (जापानी)

https://www.city.sendai.jp/koryu/foreignlanguage/en/refugearea/index.html （अंग्रेजी）

## ハザードマップの確認をしよう　हजार्डम्यापको बारेमा बुझिराखौं

大雨や 台風の時は、土砂災害や 浸水がおきる 危険な場所があります。
自分の住んでいるところに どんな危険があるのか、ハザードマップで 確認しておきましょう。

भारि वर्षा तथा टाइफुन आउदा, पहिरो जाने या बाढी आएर खतरा हुने ठाँउहरु छन । आफु बसोबास गरेको ठाँउमा कति खतरा हुन सक्दछ भन्ने कुरा चाँही हजार्डम्याप हेरेर बुझिराखौं ।

仙台市のサイトから、市内のハザードマップを 見ることができます。

सेन्दाई सिटिको वेबसाइट बाट, सिटि भित्रको हजार्डम्याप हेर्न सकिन्छ ।

>「仙台防災ハザードマップ」（日本語のみ）

>「सेन्दाई सिटीको हजार्डम्याप」 (जापानी भाषामा मात्र)

https://www.city.sendai.jp/anzensuishin/kurashi/anzen/saigaitaisaku/hazardmap.html










## 自分の住所を覚えておこう आफ्नो ठेगाना सम्झी राखौं

災害情報や 避難情報は、区や地域ごとに 違う情報が出されます。
自分の住んでいる場所が、安全か 危険か 知るために、自分の住所を 日本語で覚えておきましょう。
自分の住所を 日本語で言える、書けるようにしておくことが 大切です。
また、自分の住所が 仙台市の どの地域にあるのか
どこの山や 川に近いのか、調べておくと 良いでしょう。

विपद् सम्बन्धि जानकारी वा आश्रयस्थल सम्बन्धि जानकारीहरु चाँही, वडा वा क्षेत्र अनुसार फरक-फरक हुने गर्दछ ।
आफु बसोबास गरिरहेको ठाँउ सुरक्षित छ वा असुरक्षित छ भन्ने जान्नको लागि, आफ्नो ठेगाना जापानि भाषामा सम्झी राखौं ।
आफ्नो ठेगाना जापानि भाषामा भन्न सक्ने, लेख्न सक्ने हुनु चाँही महत्वपूर्ण हुन्छ ।
त्यसैगरी, आफ्नो ठेगाना सेन्दाई सिटीको कुन क्षेत्रमा पर्दछ, कताको पहाड
या खोलाको नजिकमा पर्दछ भन्ने कुरा बुझेर राखी रहँदा राम्रो हुन्छ ।

तपाई कुन ठाउँमा बस्नु हुन्छ ?
ठेगाना बताउनुहोस



## 【2】災害の情報を入手しよう　विपद् सम्वन्धि जानकारी लिऔं

大雨や台風で 起きる災害は、天気予報や、住んでいる町の役所が 出す情報から、
事前に 情報を入手することも 大切です。災害の情報は、難しい日本語が 多く使われます。
日本語が 苦手な人は、他の言語で 情報を入手しましょう。



ठुलो वर्षा तथा टाइफुनबाट आइपर्ने विपद्को बारेमा, जापान मौसम विज्ञान बिभाग वा आफु बस्ने ठाउँको सरकारी कार्यालयबाट जारि हुने सुचना मार्फत पहिले देखि नै जानकारी लिन महत्वपूर्ण हुन्छ ।
विपद् सम्बन्धि जानकारीहरुमा, अफ्ट्यारो जापानिज भाषाको प्रयोग धेरै भएको हुन्छ । जापान भाषा बुझ्न कठिनाइ हुने व्यक्तिहरुले, अन्य भाषामा जानकारी लिऔं ।

### 気象情報を確認しよう　मौसम सम्बन्धि जानकारीहरुको बारेमा बुझ्ने गरौं

災害に備えるために、毎日の天気予報や 台風の情報を 確認しましょう。



विपद् आइपर्दा तयार रहनको लागि, हरेक दिनको मौसम पुर्वानुमान वा टाइफुनको जानकारीहरुको बारेमा बुझिराखौं ।

気象庁のページは、15言語で 見ることができます。
天気予報、雨雲の動き、洪水、土砂災害の情報などを 見ることできます。
大雨や台風が 予想される日は、なるべく 出かけないようにしたり、川や山の近くに 行かないようにしましょう。
जापान मौसम विज्ञान बिभागको वेबपेज १५ वटा भाषामा हेर्न सकिन्छ ।
तपाईले यँहाबाट मौसम पूर्वानुमान, वर्षा गराउने बादलको चाल, बाढीपहिरोको विपद् सम्बन्धि जानकारीहरु हेर्न सक्नुहुन्छ ।
भारी वर्षा या टाइफुन आउने पुर्वानुमान गरिएको दिनमा, सकेसम्म घरबाहिर ननिस्कने तथा खोला या पहाडको नजिक जाने काम नगरौं ।




>気象庁のホームページ（15言語）
>मौसम विज्ञान बिभागको होमपेज(१५ वटा भाषामा)
https://www.jma.go.jp/jma/kokusai/multi.html

## 5段階の避難情報を覚えよう ५ चरणको आश्रय लिने बारे जानकारी सम्झी राखौं




危ない場所に いる人は、避難する必要が あります。

避難の情報は、気象庁や仙台市が、5段階の警戒レベルで 知らせます。

情報は、テレビやインターネット、携帯電話へのメールで 確認しましょう。

警戒レベルと、その意味を 覚えておきましょう。

अलि खतरामा ठाउँमा रहनुभएका व्यक्तिहरुले, अनिवार्य आश्रय लिनु पर्दछ । आश्रय सम्बन्धि जानकारी चाँही, जापान मौसम विज्ञान विभाग वा सेन्दाई सिटीले ५ चरणमा सतर्कता लेबलको बारेमा जनाउ दिने गर्दछ । जानकारी चाँही, टेलिभिजन या इन्टरनेट तथा मोबाइल फोनमा आउने म्यासेज हेरेर बुझौं । सतर्कता लेबल र त्यसको अर्थ लाई सम्झी राखौं ।




## SenTIA の Facebook、X、メールマガジンに登録しよう

## SenTIA को Facebook、X、मेल म्यागजिनलाइ फलो गरौं

SenTIA の Facebook、X、メールマガジンに登録すると、災害の情報を日本語以外の言語で入手できます。

SenTIA को Facebook、x,मेलम्यागजिन  दर्ता  गरेमा, विपद् सम्बन्धि जानकारीहरु जापानि बाहेक अन्य भाषाहरुमा पनि लिन सकिन्छ ।

| Facebook | X | メールマガジン मेल म्यागजिन |
|---|---|---|

## 仙台市災害多言語支援センターのホームページを見よう
## सेन्दाई सिटी विपद् बहुभाषीय सहयोग केन्द्रको होमपेज हेरौं

仙台市は 大きな災害が 発生すると、災害多言語支援センターを 設置します。

災害多言語支援センターでは、外国人被災者に 必要な情報を 外国語でお知らせし、外国語での 相談に対応します。

（公財）仙台観光国際協会（SenTIA）が運営します。

また、災害多言語支援センターのホームページでは、災害の情報を 多言語で発信します。

सेन्दाई सिटीमा ठुलो विपद् आइपर्दा, विपद् बहुभाषीय सहायता केन्द्र संचालन गरिन्छ।

विपद् बहुभाषीय सहायता केन्द्र बाट विपद् पिडित व्यक्तिहरुलाई आवस्यक परेको जानकारीहरु विदेशी भाषामा दिने तथा विदेशी भाषामा परामर्शहरु लिन सकिन्छ।

यसलाई सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय संघ （SenTIA）ले संचालन गर्ने गर्दछ ।

त्यसैगरी, विपद् बहुभाषीय सहायता केन्द्रको होमपेज बाट विपद् सम्बन्धि जानकारी बिभिन्न भाषामा लिन सकिन्छ ।

場所：仙台多文化共生センター

स्थान ： सेन्दाई बहुसाँस्कृतिक समाज केन्द्र

TEL: 022-224-1919, 022-265-2471

https://int.sentia-sendai.jp/saigai/

## 災害時に便利なアプリと WEB サイト विपद्को बेलामा उपयोगी हुने एप्स र वेबसाइट

スマートフォンにいれておくと、便利なアプリがあります。

मोबाइल फोनमा राख्नु भएमा, यो एप्लिकेसन उपयोगी हुनेछ।




>内閣府防災「災害時に便利なアプリと Web サイト」（多言語）

>मन्त्रिपरिषद् कार्यालय विपद् रोकथाम「विपद्को समयमा उपयोगी हुने एप र वेबसाइट」(बहुभाषा)

https://www.bousai.go.jp/kokusai/web/index.html

## 【3】災害の危険がある時は、早めに行動しよう

## विपद्को खतरा भएको समयमा, छिटोभन्दा छिटो आवश्यक कदम चालौं

水害や土砂災害は、時間の経過とともに事態が深刻化することがあります。命を守るために、早めに避難をすることが大切です。

बाढीजन्य तथा पहिरोको विपद् चाँही जति समय बित्छ उति खतरा बढी हुने गर्दछ । त्यसैले, ज्यान जोगाउनको लागि, छिटोभन्दा छिटो सुरक्षित स्थानमा आश्रय लिने कुरा महत्वपूर्ण हुन्छ ।

### 避難する時に気をつけること आश्रय लिने बेलामा ध्यान पुर्याउनुपर्ने कुराहरु

・動きやすい服装で、2人以上で 行動しましょう。

.हिडडुल गर्न सजिलो हुने कपडा लगाई, दुईजना भन्दा बढी व्यक्तिसँग सँगै जाऊ

・洪水の危険が ある場所は避けて、安全な道を 通りましょう。

・बाढीको जोखिम भएको स्थान तिर नगई , सुरक्षित बाटो हिड्ने गरौं ।

・川の水が いっぱいになることが あります。山が 崩れることが あります。

.खोलाको पानी बढेर भेल आउने हुनसक्छ । पहिरो जाने सम्भावना पनि हुन्छ ।

・川や 海や 山の近くに いるときは、すぐに 逃げて ください。見に行ったり、近くに 行かないでください。

.खोला, समुन्द्र वा पहाडको नजिक भएको समयमा, तुरुन्तै त्यहाँबाट भाग्नुहोस । हेर्न जाने, नजिक तिरजाने नगर्नुहोस।

・道や 家の中まで 水が 来ることが あります。

.सडक वा घरको भित्रसम्म पानी पस्न सक्ने पनि हुन्छ ।

・マンホールや 水路から、水が あふれることが あります。

.ढल वा नाला बाट पानी ओभरफ्लो हुन पनि सक्छ।

・電車や バスが 止まることが あります。

・ट्रेन वा बसहरु रोकिन पनि सक्छ।

・電気や 水道が 止まることが あります。事前に ヘッドライトや、食料を 用意することが 必要です。

・बिजुली र पानी आपूर्ति बन्द हुन सक्छ। पहिलेबाटै टर्चलाइट, खानेकुराहरु तयारी गरेर राख्नु आवश्यक छ।

・明るくて 安全なうちに 逃げましょう。

・उज्यालैमा सुरक्षित अवस्थामै यहाँ बाट भागौ ।

## 避難する時に、必要なもの 【チェックリスト】आश्रय लिने बेलामा, आवश्यक पर्ने कुराहरुको【चेकलिस्ट】

避難する時に、すぐに持ち出しができるように、日ごろから準備しておきましょう。

आश्रय लिनजाने बेलामा, तुरुन्तै बोकेर लान मिल्ने गरि, पहिलेबाट तयारी गरिराखौं ।

- リュックサック ☐
  भिर्ने झोला



- 現金（硬貨を多めにする） ☐
  नगद (अधिक मात्रामा सिक्का)



- 資格確認書 または マイナ保険証、パスポート、在留カード ☐
  योग्यता पुष्टि कागजात (होकेनस्यो) वा माइ नम्बर कार्ड, पासपोर्ट, रेसिडेन्स कार्ड



- 救急セット、常備薬、お薬手帳 ☐
  प्राथमिक उपचार किट, नियमित खाने औषधि, औषधिको नोटबुक





- 水 ☐
  पानी



- 食べ物（缶詰、お菓子、バランス栄養食品など） ☐
  खानेकुरा (क्यानमा हुने खाद्य पदार्थ, बिस्कुटहरु, सन्तुलित पोषणयुक्त खाद्य पदार्थ, आदि)



- 携帯ラジオ ☐
  बोकेर लान मिल्ने सानो रेडियो



- 懐中電灯 ☐
  टर्च लाइट



- 予備電池 ☐
  ब्याट्रीहरु



- 携帯電話、充電器、バッテリー ☐
  मोबाइल फोन, चार्जर, ब्याट्री



- ティッシュ、ウェットティッシュ ☐
  टिस्यु , वेट टिस्यु



- ビニール袋、ポリ袋 ☐
  प्लास्टिक झोला, पोली ब्याग



- タオル、下着、靴下 ☐
  टावल, भित्रि कपडा, मोजा



・防寒具、雨具（傘、レインコート）、携帯カイロ ☐
जाडोको लुगा, बर्षादी ( छाता, रेनकोट ),
बोक्न मिल्ने काइरो (शरीर तताउने बस्तु)



・手袋、軍手 ☐
पन्जा, गुन्ते



・ライター、マッチ ☐
लाइटर, सलाई



・洗面用具、歯ブラシ ☐
बाथरुमको सामाग्री,टुथब्रस




・衛生用品（マスク、体温計、手洗い用石鹸等）☐
सरसफाइ सामग्री (मास्क,थर्मामिटर,हात धुने साबुन, आदि)



・入れ歯、コンタクトレンズ、眼鏡 ☐
कृत्रिमदाँत,कन्ट्याक्ट लेन्स,चस्मा



・多目的ナイフ ☐
बहुउद्देशीय चक्कु



・筆記用具・メモ帳・笛 ☐
पेन्सिल बक्स, मेमो कापी,सिट्ठी




・家族や友達の連絡先のメモ ☐
परिवार या साथीहरु सम्पर्क ठेगानाको मेमो



**乳幼児、介護者がいる場合 साना शिशु तथा हेरचाहको आवस्यक पर्ने व्यक्ति भएको अवस्थामा**

・おむつ、おしりふき ☐
डायपर तथा पुछ्ने सामान



・乳児用ミルク、ほ乳瓶、離乳食 ☐
बच्चाको दूध, दुधको बोतल, बच्चाको खाना




・生理用品 ☐
सेनेटरी सामग्रीहरु




・母子健康手帳 ☐
मातृशिशु स्वास्थ्य पुस्तिका




・障害者手帳 ☐
शारीरिक अशक्तता प्रमाण पुस्तिका




・介護用品 ☐
नर्सिंग हेरचाह सामाग्री



## 水害・土砂災害のときに、よく使われる日本語

## बाढी र पहिरोको प्रकोपको समयमा धेरै प्रयोग हुने जापानिज भाषा

| | | |
|---|---|---|
| 水害 | 水で 困ること/ 怪我をすること/ 壊れること | बाढीबाट हुने क्षति |
| 土砂災害 | 山から 石や 砂が 落ちてくること | पहिरोको प्रकोप |
| 大雨・豪雨 | 強い 雨 | भारी वर्षा |
| 大雪・豪雪 | 強い 雪 | भारी हिमपात |
| 雨量、降水量 | 雨が 降ってくる 量 | वर्षाको मात्रा,पानि जमेको मात्रा |
| 水位 | 水の 高さ | पानीको सतह |
| 洪水 | 水が たくさん 外に 流れること | बाढी |
| 増水 | 水が たくさん 増えること | पानीको भेल |
| 河川氾濫 | 川の 水が たくさん 流れること | खोलाको बाढी |
| 浸水 | 水が 建物や道路に 入ってくること | बाढी पस्नु |
| 堤防 | 水が 入らないようにする 壁 | तटबन्ध |
| 決壊 | 壊れる | भत्काउने |
| 道路 | 道 | सडक |
| 家屋 | 住む ところ/ 家 | घर |
| 自宅 | 自分の 家 | आफ्नो घर |
| 冠水 | 水が 道に たくさんあること | सडकमा पानी भरिइनु |
| 気象情報 | （晴れ、雨、雪など）天気についての 知らせ | मौसमको जानकारी |
| 危険度 | 危なさ | जोखिमको मात्रा |

| | | |
|---|---|---|
| 注意 | 気をつけること | सावधानी |
| 警戒 | 予め 気をつけること | सतर्कता |
| 発表 | 知らせること | घोषणा |
| 発令 | 決まったことを 発表すること | आधिकारिक घोषणा |
| 大雨特別警報 | 強い 雨のとき 特別に注意すること | भारी वर्षाको विशेष चेतावनी |
| 避難 | 逃げること | सुरक्षित स्थानमा आश्रय लिनु |
| 避難情報 | 逃げるための 知らせ | आश्रय लिने जानकारी |
| 避難指示 | 逃げるための 注意 | आश्रय लिन निर्देश |
| 避難経路 | 逃げるために 通る 道 | आश्रय लिनको लागी हिड्ने बाटो |
| 避難場所 | みんなが 逃げる ところ | आश्रयस्थल |
| 指定避難所 | 災害の時に しばらくの間 居ることが できるところ | बस्न मिल्ने निर्धारित आश्रय स्थल |
| 運休 | 電車や バスを 使うことが できないこと | ट्रेन तथा बस चल्न रोकिनु |
| 確認 | 確かめること | बुझेर निश्चित गर्नु |
| 無料 | お金は いりません | निशुल्क |
| 被災 | 災害にあうこと | विपद् पीडित |

公益財団法人 仙台観光国際協会 国際化事業部 (SenTIA)
सार्बजनिक हितको संस्था सेन्दाई पर्यटन तथा अन्तर्राष्ट्रिय संघ अन्तर्राष्ट्रिय सम्बन्ध साखा
TEL: 022-268-6260　URL: https://int.sentia-sendai.jp/n/

作成：2021年5月
तयार गरिएको: 2021 मे महिना
改訂：2026年7月
संशोधित: 2026 जुलाई महिना

